नेपालसरकार

गृहमन्त्रालय

# जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना, तेह्रथुम २०७७

(२०७७ श्रावण १ देखि २०७८ असार मसान्तसम्म)

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| क. जनमैत्री कार्यालय व्यवस्थापन | | | | | | |
| १ | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका लागि तेह्रथुम स्थित सबै सरकारी कार्यालयहरूमा **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना तथा प्रभावकारी सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण पहिलो हप्ताबाट शुरु गरी निरन्तर | सेवा प्राप्तिमा सेवाग्राहीहरुलाई सहज भएको हुने । | सहायता कक्ष स्थापना तथा सेवा सञ्चालन अवस्था |
| २ | तेह्रथुमस्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि **Free Wi Fi,Television, First Aid Kit,शुद्धखानेपानी ,Mobile Charging Station** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन भएको हुने । | उल्लेखित सुविधा उपलब्धता तथा उपयोग अवस्था |
| ३ | तेह्रथुमस्थित सबै सरकारी कार्यालयहरूमा **अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर,र्‍याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय**को व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | लैङ्गिक संवेदनशील कार्यालयको रुपमा विकास भएको हुने । | स्तनपानकक्ष तथा शौचालयको व्यवस्था तथा प्रयोग |
| ४ | तेह्रथुमस्थित सबै सरकारी कार्यालयहरूमा | जिल्ला प्रशासन | सबै सरकारी | २०७७ पहिलो | सेवा प्रवाह र प्राप्तिमा | प्रतिक्षालय कक्ष |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | **सेवाग्राहीमैत्री प्रतिक्षालय** कक्षको व्यवस्थापन गर्ने । | कार्यालय | निकायहरु | चौमासिक | सेवाप्रदायक र सेवाग्राहीलाई सहज हुने । | |
| ५ | जिल्ला प्रशासन कार्यालयमा सेवाग्राही लक्षित **पुस्तकालय** निर्माण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त | सेवा प्रवाह र प्राप्तिमा सेवाप्रदायक र सेवाग्राहीलाई सहज हुने । | पुस्तकालय निर्माण तथा प्रयोग |
| ६ | जिल्ला प्रशासन कार्यालयमा विद्युतीय **नागरिक बडापत्र (Digital Citizen Charter)** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त | कार्यालयबाट प्रवाह हुने सेवा तथा प्रक्रियाको जानकारी भई सेवा प्रवाह छिटो छरितो हुने । | विद्युतीय नागरिक बडापत्र |
| ७ | तेह्रथुमस्थित सबै सरकारी, बैंक तथा वित्तिय संस्थाहरूमा आगलागिको सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि उच्च क्षमताको कम्तीमा १/१ वटा **Fire estinguisher** जडान गर्ने तथा सो सञ्चालनका लागि अभिमुखिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सम्बद्ध निकायहरू | २०७७ श्रावण मसान्त | आकस्मिक रूपमा हुन सक्ने आगलागीको जोखिम न्यूनिकरण हुने । | Fire estinguisher जडान तथा अभिमुखीकरण |
| ८ | जिल्ला प्रशासन कार्यालय परिसरमा ६ वटै स्थानीय तहको पहिचान झल्कने गरी **स्तम्भ सहितको वगैचा निर्माण** गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७७ दोस्रो चौमासिक | सेवाग्राहीलाई सेवा प्राप्त गर्न आउँदा अपनत्वको भावना भएको हुने । | निर्मित स्तम्भ |
| ९ | कार्यालय परिसरलाई स्वच्छ र हरीयाली वनाउने साथै एक **कर्मचारी** एक **फलफुलको विरुवा रोपण तथा संरक्षण** अभियानलाई निरन्तरता दिने। | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | २०७७ भाद्र मसान्त | कार्यालय परिसर स्वच्छ र हरियाली हुने । | कार्यालय परिसर |
| १० | जिल्ला प्रशासन कार्यालयको नया भवन | जिल्ला प्रशासन | डिभिजन वन | २०७७ पहिलो | कार्यालय तथा परिसर | सुरक्षित |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | निर्माण सम्पन्न गरी नया भवनबाट सेवा संचालन गरि कम्पाउण्ड (कम्पाउण्ड वाल, बगैचा तथा वृक्षारोपण लगायत) व्यवस्थापन गर्ने । | कार्यालय | कार्यालय, सिचाई विकास तथा डिभिजन कार्यालय<br>शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | चौमासिक | सुरक्षित हुने । | कार्यालय परिसर |
| **ख. सुशासनतथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | | | | |
| ११ | जिल्लाका सबै सरकारी कार्यालयहरूले सूचना अधिकारीको रुपमा कर्मचारीलाई जिम्मेवारी दिई **सूचना अधिकारीहरूको लागि छुट्टै मोवाईल नम्वर**को व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त | सेवाग्राहीलाई सूचना तथा जानकारी प्राप्त गर्न सहज भएको हुने । | सूचना अधिकारी र मोबाइल नम्वर |
| १२ | जिल्लाका सबै सरकारी कार्यालयले सूचनाको हकसम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका गतिविधिहरूलाई ३/३ महिनामा **स्वत:प्रकाशन (Pro active Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | निरन्तर | सरकारी कार्यालयबाट सम्पादित कार्यहरूको बारेमा सेवाग्राही सूसुचित भएको हुने । | स्वत: प्रकाशन तथा वार्षिक प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १३ | जिल्लाका सबै सरकारी कार्यालयबाट आफ्नो बार्षिक विकास कार्यक्रमहरू आम नागरिकहरूलाई जानकारी गराउन सम्वद्व पक्षहरूको उपस्थितिमा **सार्वजनिकीकरण** कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय,स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | २०७७ भाद्र | विकास कार्यक्रमहरूका बारेमा आम नागरिकहरूलाई जानकारी प्राप्त हुने साथै ३ वटै सरकारबीच समन्वय हुने तथा दोहोरोपना न्यूनीकरण भएको हुने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| १४ | जिल्लाका सबै विकास आयोजना सञ्चालन गर्ने सरकारी कार्यालयबाट तोकिएको समयमानै विकास आयोजना सम्पन्न गर्नका लागि समयमानै **खरिद/टेण्डर प्रक्रिया सुरु गर्ने,गुणस्तर कायम** गर्नेकार्यमा आवश्यक समन्वय, अनुगमन तथा सुपरीवेक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | राजनैतिक दल, स्थानीय तह, विकास आयोजना सम्पादन गर्ने कार्यालय, सञ्चार माध्यम, निर्माण व्यावसायी, आम नागरिक | | | |
| १५ | जिल्लाका सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित तथा आकस्मिक **अनुगमन तथा सुपरीवेक्षण** गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | सबै सरकारी कार्यालयका सेवाहरु जनमैत्री भएको हुने | अनुगमन तथा सुपरीवेक्षण योजना तथा प्रतिवेदन |
| १६ | जिल्ला प्रशासन कार्यालयका महत्वपूर्ण दस्तावेजहरूको **Digitization** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | अभिलेखहरू सुरक्षित तथा संरक्षित भई विद्युतीय शासनमा टेवा पुग्ने । | डिजिटाइज गरिएको दस्तावेज |
| १७ | शान्ति सुरक्षा, विपद, सेवा प्रवाह, सुशासन सम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न | जिल्ला प्रशासन कार्यालय, सुरक्षा | सबै सरकारी कार्यालय, स्थानीय | २०७७ श्रावण मसान्तबाट | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । | Hot Line Number तथा गुनासो सुनुवाई |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | प्रमुख जिल्ला अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुको नम्वर सार्वजनिक भए बमोजिम २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने | निकायका प्रमुखहरु | तह, राजनैतिक दल, सञ्चार माध्यम | निरन्तर | | सम्वन्धी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन |
| १८ | जिल्लाका सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिबिधिहरूलाई **मासिकरूपमा वेभसाईट/सूचनापाटी** मार्फत सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | कार्यसम्पादनमा जवाफदेहीता तथा पारदर्शिता कायम भएको हुने । | मासिक प्रगति प्रतिवेदन |
| १९ | जिल्लाका सबै सरकारी कार्यालयले आफ्नो स्वामित्वमा रहेका **चलअचल सम्पत्ति** (जग्गा, भवन, सवारी साधन) को अभिलेख सुरक्षित राख्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण भएको हुने । | चल अचल सम्पत्ति अभिलेख |
| २० | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी **अर्धवार्षिक र वार्षिक वुलेटीन** प्रकाशन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७/७८ को माघ पहिलो हप्ता, श्रावण पहिलो हप्ता | कार्यालयका गतिविधिहरु पारदर्शी हुने । | वुलेटीन |
| २१ | सार्वजनिक सेवा प्रवाहमा सरलीकरण गर्न सबै सरकारी कार्यालयका सेवाहरू र सो प्राप्तिको प्रक्रियासहित **एकीकृत नागरिक वडापत्र** प्रकाशन गर्ने तथा स्थानीय तह स्तर सम्म प्रवोधिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, स्थानीय तह, सञ्चार माध्यम | २०७७ साल भाद्र मसान्त | सार्वजनिक सेवा तथा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीलाई जानकारी प्राप्त भई सेवा प्रवाह र प्राप्तिमा सहज भएको हुने । | एकीकृत नागरिक वडापत्रको प्रकाशन तथा प्रवोधिकरण |
| २२ | सबै सरकारी कार्यालयहरूमा उत्कृष्ट | जिल्ला प्रशासन | सबै सरकारी | २०७७ भाद्र २२ | उत्कृष्ट कार्यसम्पादन गर्ने | पुरस्कृत तथा |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | कार्यसम्पादन गर्ने कम्तीमा १/१ जना कर्मचारीलाई **पुरस्कृत** गर्नेका साथै सेवा निवृत्त भई यस जिल्लामा रहने कर्मचारीलाई **सम्मान** गर्ने । | कार्यालय | कार्यालय | | कर्मचारीको मनोबल उच्च हुनुका साथै सेवा निवृत्तहरूले सम्मानित भएको अनुभूति गरेको हुने। | सम्मानित कर्मचारी विवरण |
| २३ | उच्च कार्यबोझमा कार्य गर्ने कार्यालयका कर्मचारीहरूलाई **तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श सम्वन्धी तालिम** लगायत सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | बिभिन्न संघसंस्थाहरु | २०७७ मंसीर मसान्त | कर्मचारीबाट सेवाग्राहीमैत्री व्यवहार प्रदर्शित भएको हुने | तालिम सञ्चालन प्रतिवेदन |
| २४ | **सरकारी सवारी साधनको सदुपयोग**का लागि कार्यबिधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालय | २०७७ भाद्र मसान्त | सरकारी सवारी साधन हरु मितव्ययी रुपमा उपयोग भएको हुने । | कार्यविधि र कार्यान्वयन अवस्था प्रतिवेदन |
| २५ | **मुआव्जा** वितरण सम्बन्धी बिस्तृत अभिलेख तयार गरी अर्धवार्षिक/वार्षिक रुपमा सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | मालपोत कार्यालय, स्थानीय तह, विकास आयोजनाहरु | श्रावण मसान्त, निरन्तर | मुआव्जाको विवरण व्यवस्थित हुने । | मुआब्जा अभिलेख |
| २६ | उपभोक्ता हित प्रवर्दन हुनेगरी स्थानीय तहसंगको समन्वयमा बजार अनुगमनको कार्य योजना निर्माण गरी सोको आधारमा नियमित तथा आकस्मिक रुपमा **वजार अनुगमन** गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, अन्य सरकारी कार्यालय, उद्योगी व्यावसायी,सञ्चार माध्यम, उपभोक्ता | निरन्तर | उपभोक्ता हित प्रवर्दन भएको हुने | बजार अनुगमन योजना तथा अनुगमन प्रतिवेदन |
| **ग.** | **शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २७ | Security Profile/Crime Mapping सहितको जिल्ला **सुरक्षा योजना** अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, सबै सरकारी कार्यालय, सञ्चार माध्यम, आम नागरिक | २०७७ श्रावण मसान्तसम्म अद्यावधिक तथा निरन्तर कार्यान्वयन | शान्ति सुरक्षा तथा अमनचैन कायम भई शान्ति सुरक्षा प्रति जनविश्वास अभिवृद्धि हुने | रणनीतिक सुरक्षा योजना तथा कार्यान्वयन प्रगति अवस्था |
| २८ | जिल्लामा घटेका **आपराधिक गतिविधिहरुको आवधिक समीक्षा, विश्लेषण** गरी नियन्त्रणका लागि राजनैतिक दल, स्थानीय तह, सरोकारवाला पक्षहरुसंग समन्वय तथा सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | निरन्तर | आपराधिक अवस्थाको पहिचान भई समयमै निराकरणमा सहयोग भएको हुने । | स्थिति प्रतिवेदन |
| २९ | सामाजिक अपराध न्यूनीकरणका लागि स्थानीय तहको समन्वयमा विद्यालय मार्फत **School Outreach** कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह , जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, विद्यालय | २०७७ मंसीरबाट सुरु गरी निरन्तर कार्यान्वयन | समाजमा अपराधका घटनाहरु न्यूनीकरण भई समाजमा दिगो शान्ति तथा स्थीरता कायम गर्न मद्दत पुग्ने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| ३० | **आत्महत्याका घटनाहरुको** नमुना छनौटका आधारमा कारण पहिचान तथा न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय, अस्पताल, आयुर्वेद अस्पताल, CMC/OCMC | २०७७ श्रावण मसान्त भित्र सुरु गरी निरन्तर कार्यान्वयन | आत्महत्याका घटनाहरुमा कमी आउने । | आत्महत्याका कारण तथा निराकरण सम्वन्धी कार्यक्रम सञ्चालन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | प्रतिवेदन |
| ३१ | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाई **निर्वाध रुपमा यातायात सूचारु** गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, यातायात व्यवसायी, निजीक्षेत्र, | निरन्तर | राजमार्ग अवरोधको घटना न्यूनीकरण भई निर्वाधरुपमा यातायात सञ्चालन हुने । | अवरोधका घटना र सूचारु सम्बन्धी प्रतिवेदन |
| ३२ | सडक, वजार क्षेत्रमा रहेका **CCTV** हरु मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालयबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | निरन्तर | सुरक्षा सर्तकता उच्च भएको हुने । | सीसीटीभी बिश्लेषण |
| ३३ | **अन्तर जिल्ला** सुरक्षा समन्वय बैठकमार्फत जिल्लाका गतिबिधिहरूको आदानप्रदान गर्ने । | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाका जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय | निरन्नतर | शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणमा अनुभव आदानप्रदान भई शान्ति सुरक्षा कायम गर्न सहयोग पुगेको हुने । | समन्वय बैठक संख्या तथा प्रतिवेदन |
| ३४ | **रुग्ण विकास आयोजना**हरुको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सम्बन्धित कार्यालय र आयोजना, सुरक्षा निकाय | २०७७ श्रावण महिनाबाट निरन्तर | रुग्ण विकास आयोजनाहरूको पहिचान भई समयमानै सम्पन्न गर्ने वातावरण तयार भएको हुने | रुग्ण आयोजनाहरूको विवरण तथा निर्माण अवस्था प्रतिवेदन |
| ३५ | **कारागारको भौतिक व्यवस्थापन**लाई मानवोचित वनाउन आवश्यक जग्गा प्राप्ति, भवन, व्यारेक निर्माणका लागि नेपाल | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | निरन्तर | जीर्ण कारागार पूर्वाधारको निर्माण तथा सुधार भएको हुने । | पूर्वाधार निर्माण अवस्था |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | सरकार, प्रदेश सरकारसंग समन्वय गर्ने। | | | | | |
| ३६ | गैरसरकारी संस्थाहरूको बिस्तृत **प्रोफाईल** तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संस्था महासंघ | २०७७ असोज मसान्त | गैरसरकारी संस्थाहरूको विवरण एकीकृत भई ती संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू अनुगमन गर्ने कार्य प्रभावकारी हुने । | प्रोफाइल |
| ३७ | अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई **कानुन तथा न्याय सम्बन्धी तालिम** प्रदान गर्ने । | जिल्ला प्रशासन कार्यालय | उच्च/जिल्ला अदालत, उच्च/जिल्ला सरकारी वकील कार्यालय तथा अर्धन्यायिक निकायहरु | २०७७ श्रावण मसान्त | अर्धन्यायिक निकायबाट सम्पादन हुने कानुन तथा न्याय सम्वन्धि सेवा गुणस्तरीय हुने । | तालिम सञ्चालन प्रतिवेदन |
| ३८ | **लागु औषध नियन्त्रण** सम्वन्धी जिल्ला स्तरीय योजना अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय | २०७७ श्रावण मसान्त | लागु औषधजन्य अवैध गतिविधिहरु न्यूनीकरण भएको हुने । | योजना तथा कार्यान्वयन प्रतिवेदन |
| ३९ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (**Disaster Preparedness and Response Plan-DPRP**),कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा (**COVID Response Plan**) तर्जुमा, परिमार्जन तथा कार्यान्वयनगर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तहस्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, विपद् व्यवस्थापन क्लष्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरू | २०७७ असोज मसान्त | विपद् व्यवस्थापन तथा कोभिड-१९ को संक्रमण व्यवस्थापन प्रभावकारी भएको हुने । | योजना दस्तावेज तथा कार्यान्वयन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४० | जिल्लाआपतकालीन कार्यसञ्चालन केन्द्र (**District Emergency Operation Center- DEOC**) स्थापना तथा सञ्चालन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू, स्थानीय तह, | २०७७ श्रावण | विपद्जन्य घटनाहरूको सूचना संकलन भई विपद् व्यवस्थापनमा सहयोग पुगेको हुने । | DEOC स्थापना तथा सञ्चालन |
| ४१ | भारतलगायत तेस्रो मुलुकबाट आउने व्यक्तिहरूको लागि कोभिड संक्रमण अवधिभर सम्वन्धित स्थानीय तहमा संचालित क्वारेन्टाइनमा राखेर RT-PCR गरेर मात्र नतिजाका आधारमा होम क्वारेन्टाइनन/आइसोलेसनमा पठाउने। | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तह, सुरक्षा निकायहरू, स्वास्थ्य कार्यालय<br>जिल्लाका अस्पतालहरु | नियमित | कोभिड १९ को सम्भावित संक्रमण व्यवस्थापन भएको हुने । | क्वारेन्टाइन स्थापना तथा सञ्चालन |
| ४२ | **SMS** मार्फत विपद् घटनाहरूको वारेमा सम्वद्ध व्यक्ति, निकायहरूलाई जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, विपद् व्यवस्थापन क्लष्टर | निरन्तर | विपद्जन्य घटनाहरूको बारेमा यथाशीघ्र जानकारी प्राप्त भई समयमै व्यवस्थापनमा गर्न सहयोग पुगेको हुने । | जानकारी प्राप्त गर्ने व्यक्ति तथा संस्था |
| ४३ | विपद्को प्रकृति अनुसार **QRT** गठन गर्ने तथा परिचालनका लागि क्षमता विकास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह सुरक्षा निकायहरू | २०७७ पौष मसान्त | विपद्जन्य घटनाको तत्काल खोज तथा उद्धार कार्य भई नागरिकले सुरक्षा महसुस गरेको हुने | QRT विवरण र क्षमता विकास कार्यक्रम सञ्चालन प्रतिवेदन |
| ४४ | सबै स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (**LEOC**) स्थापना क्रियाशिल बनाउन समन्वय र सहकार्य | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | २०७७ श्रावण मसान्तवाट निरन्तर | स्थानीयस्तरमा विपद् व्यवस्थापनका कार्यमा प्रभावकारीता कायम हुने । | LEOC स्थापनाका लागि समन्वय |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | र सहकार्य प्रतिवेदन |
| ४५ | सवै सरकारी कार्यालयमा सेवाग्राहीले **सावुन पानीले हातधुने व्यवस्था/ सेनिटाईजर** उपलब्ध हुने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू, सञ्चार माध्यम, आम नागरिकहरु | २०७७ श्रावण १ गते वाट निरन्तर | कार्यस्थलमा संक्रमणजन्य रोग फैलिनबाट रोक्ने उपाय प्रभावकारी भएको हुने । | जनस्वास्थ्य सुरक्षाका सामाग्री तथा उपयोग अवस्था |
| ४६ | COVID-19 को सम्भावित संक्रमण नियन्त्रण गर्नका लागि **स्वास्थ्य परीक्षण**को दायरा वढाउदै लैजाने । | जिल्ला संकट व्यवस्थापन केन्द्र जिल्ला कमाण्ड पोष्ट | स्वास्थ्य कार्यालय, स्थानीय तह, सुरक्षा निकायहरू,तथा प्रयोगशालाहरू | निरन्तर | संक्रमणको स्थिति पहिचान भई संक्रमण व्यवस्थापनमा मद्दत पुगेको हुने । | स्वास्थ्य परीक्षण संख्या तथा प्रतिवेदन |
| **ङ. विविध** | | | | | | |
| ४७ | गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच भएको **कार्यसम्पादन करार सम्झौतामा** उल्लेख भएअनुसारका क्रियाकलापहरुको पूर्ण कार्यान्वयन गर्ने | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, जिल्लास्थित सुरक्षा निकायहरू | निरन्तर | जिल्लाको शान्ति सुरक्षा, सुशासन, विपद व्यवस्थापन, विकास आयोजनामा समन्वयलगायत सार्वजनिक सेवा प्रवाह जनअपेक्षित हुने | कार्यसम्पादन सम्झौता कार्यान्वयन प्रतिवेदन |
| ४८ | सामाजिक सुरक्षा भत्तालाई **वैङ्किङ प्रणालीबाट भुक्तानीको** लागि स्थानीय तह एवम् वैक तथा वित्तीय संस्थाहरुसंग समन्वय गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, बैक तथा वित्तिय संस्था,सञ्चार माध्यम, आम नागरिक | २०७७ असोज मसान्त | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी हुने । | वैङ्किङ प्रणालीमा आवद्ध लाभग्राहीहरुको विवरण |

**नोटः-** स्थानीय प्रशासन ऐन २०२८,सुशासन ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५तथा विभिन्न विषयगत ऐन कानुन अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजानिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेको सन्दर्भमा यस कार्ययोजनामा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालय सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरुका अतिरिक्त अन्य सरकारी तथा सार्वजानिक निकायहरुमार्फत सम्पादन गर्नेगरी समेत केही क्रियाकलापहरु समावेश गरिएको छ । यसका आधारमा सबै सरकारी निकायहरुले आआफ्नो कार्यालयको वार्षिक सुधार योजना तर्जुमा गर्नेछन् ।